याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

## विषयः करारमा कर्मचारी पदपूर्ति सम्बन्धमा।

## दोस्रो पटक सूचना प्रकाशित मितिः २०७९/०५/२०

यस याङवरक गाउँपालिकामा रिक्त रहेका देहाय अनुसारका पदमा **"याङवरक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८"** तथा यस कार्यालयको मितिः २०७९/०५/१९ गतेको निर्णयानुसार देहाय बमोजिमको कर्मचारी करार सेवामा नियुक्ति गर्नुपर्ने भएकाले आवश्यक योग्यता पुगेका इच्छुक नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजश्व तिरेको रसिद सहित दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

| वि.नं. | सेवा | समूह | तह | पद | माग संख्या | दरखास्त दस्तुर | कै. |
|---|---|---|---|---|---|---|---|
| ०२- २०७९/०८० | स्वास्थ्य | - | पाँचौं | अप्थाल्मिक अशिष्टेण्ट | १ | ५००।- | |

**शैक्षिक योग्यता, अनुभव तथा आवश्यक शर्तहरुः**

१. मान्यता प्राप्त शैक्षिक संस्थाबाट डिप्लोमा इन अप्थाल्मिक साइन्समा प्रमाण पत्र तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने,

२. १८ बर्ष उमेर पुरा भई ३५ वर्ष उमेर ननाघेको हुनुपर्ने (महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने),

३. अन्य कुनै पनि प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनु पर्नेछ।

**दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :-**

१. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र,

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

३. अनुभव खुल्ने कागजातहरु,

४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।

- छनौट प्रकृया याङवरक गाउँपालिकाको **"करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७८"** बमोजिम हुनेछ।
- परीक्षा मिति र समय दरखास्त दिने अन्तिम मिति सकिएपछि कार्यालयले निर्धारण गरी सूचित गरिनेछ।
- **दरखास्त दिने स्थानः** याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, थर्पु ,पाँचथर।



yangwarakruralmun@gmail.com | www.facebook.com/yangwarak | www.yangwarakmunpanchthar.gov.np | ०२४-४१००४८, ०२४-४१००४९

यांङवरक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

- दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पश्चातको कार्यालय खुल्ने पहिलो दिनसम्म हुनेछ ।
- **तलब भत्ता:** सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको सुरुको तलब स्केल बराबरको रकम मासिक रुपमा तलब स्वरुप भुक्तानी गरिनेछ तथा याङवरक गाउँपालिकाको करारमा रहेका कर्मचारीले पाए सरह हुनेछ ।
- **विदा:-** यस याङवरक गाउँपालिकाको **"करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७८"** मा भएको व्यवस्था बमोजिम हुनेछ ।
- **काम गर्नुपर्ने स्थान:** याङवरक आँखा उपचार केन्द्र याङवरक - ४, पाँचथर ।
- **दरखास्त दस्तुर:** दरखास्त दस्तुर सूचनामा उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी यस कार्यालयको सिभिल बैंक शाखा थर्पुमा रहेको याङवरक ग.१.१आन्तरिक राजश्व खाता नं. ०६२१०१८४८९९०८२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयमा नगदै बुझाएको नगदी रसिद पेश गर्नुपर्ने छ ।
- थप जानकारीको लागि यस कार्यालयको फोन नं. ०२४-४१००४८ वा ९८४८६७०२५४ मा बुझ्न सकिन्छ ।
- **दरखास्त अवधि:** २०७९ /०५/१९ देखि २०७९/०६/०३ गते सम्म कार्यालय समय भित्र ।

सुर्य प्रसाद गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत